सम्बत् २०७५ साल असार ३ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय– बीमा विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२. अर्थ मन्त्रालय - चीन सरकारले प्रस्ताव गरेको आर. एम. बी. युआन एक अर्ब (करिब रु. १६ अर्ब ८० करोड) सहायता स्वीकार गर्ने ।

३. अर्थ मन्त्रालय– नेपाल सरकार र चीनको Zhongji Richway Holdings Limited बीच पूर्वाधार लगानी बैंक स्थापना गर्ने सम्बन्धी आधारभूत खाका सम्झौतामा हस्ताक्षर गर्ने ।

४. अर्थ मन्त्रालय– राष्ट्रिय बीमा कम्पनी लिमिटेडको अध्यक्ष श्री कमलकुमार श्रेष्ठको राजिनामा स्वीकृत गरी सञ्चालक समितिको अध्यक्षमा श्री उमेशचन्द्र उपाध्यायलाई चार वर्षका लागि नियुक्त गर्ने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय– नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ भन्ने व्यहोरा राखी व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७५ स्वीकृत गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय -

(क) राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले निर्माण गर्ने दोदोधारा सवस्टेशनको रेखाङ्कन क्षेत्रभित्र परेका जग्गाहरु मध्ये २ विघा १७ कट्टा ४ धूर जग्गा लामो समयदेखि भोगचलन गरिरहेका व्यक्ति/संस्थाहरुलाई जिल्ला मुआब्जा निर्धारण समितिले सोही क्षेत्रको रैकर जग्गाको लागि निर्धारण गरेको मूल्याङ्कन दरका आधारमा त्यस्तो भोगचलन गरेको पूरै जग्गा परेकालाई पचहत्तर प्रतिशत र आशिक जग्गा परेकालाई छैसट्टी प्रतिशतले हुने रकम क्षतिपूर्ति वापत दिने र सो जग्गा राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको नाममा दर्ता गरिदिने ।

(ख) उपर्युक्त जग्गामा बनाईएका घर/टहरा/पर्खाल तथा लगाईएका बोट/बिरुवा/बाली आदिको हकमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा २९ बमोजिम क्षतिपूर्ति दिने।

(ग) जग्गा प्राप्ति गर्दा लाग्ने क्षतिपूर्ति, राहत लगायत अन्य सम्पूर्ण खर्च राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले व्यहोर्ने।

७. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— कृषिमा नयाँ साझेदारीका विविध विषयमा छलफलमा माननीय कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्रीको नेतृत्वमा देहायबमोजिमका ७ सदस्यीय प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने ।

१. माननीय चक्रपाणी खनाल, कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री
२. डा. युवकध्वज जि.सी., सचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
३. नेपाल कृषि अनुसन्धान परिषद्का विज्ञ प्रतिनिधि
४. सरोज खनाल, माननीय कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्रीको स्वकीय सचिव
५. कृषि सामग्री कम्पनी लि. बाट १ जना प्रतिनिधि
६. नेपाली राजदूतावास, नयाँदिल्लीको दुईजना प्रतिनिधि ।

८. खानेपानी मन्त्रालय–

(क) नेपाल खानेपानी संस्थानमा संस्थान ऐन, २०४६ को दफा ८.३ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/९/२८ को निर्णय अनुसार थप भएका नेपाल खानेपानी संस्थानका संचालक सदस्य संख्या १० (दश) नेपाल राजपत्रमा सूचना प्रकाशन गरी घटाउने ।

(ख) उपरोक्त बमोजिम संचालक सदस्य संख्या घट्ने भई दफा 8.3 बमोजिमका संचालक सदस्यहरुको पद रिक्त नरहने हुँदा मन्त्रिपरिषद् मिति २०७४/९/२८ को निर्णयानुसार दफा ८.३ बमोजिम नियुक्त संचालक सदस्यहरु स्वत : कायम नरहने ।

९. परराष्ट्र मन्त्रालय– विद्युतीय राहदानी (ई-पासपोर्ट) जारी गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

१०. परराष्ट्र मन्त्रालय– नेपालको परराष्ट्र मन्त्रालय र जनवादी गणतन्त्र चीनको परराष्ट्र मन्त्रालयबीच नेपालमा नेपाल-चीन सहयोग सम्बन्धी कार्यक्रम र परियोजनाहरुको कार्यान्वयनमा सहजीकरणका लागि संयन्त्र स्थापना गर्ने सम्बन्धी समझदारीपत्रको मस्यौदा स्वीकृत गर्ने।

११. परराष्ट्र मन्त्रालय - मिति २०७५ असार ५ देखि ऐ. १० गतेसम्म सम्माननीय प्रधानमन्त्री श्री के. पी. शर्मा ओलीले मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण गर्नुहुने कार्यक्रमका लागि सरकारी, व्यापारिक र सञ्चारकर्मीहरु सम्मिलित प्रतिनिधिमण्डल गठन गर्ने ।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नेपाल सरकार र चीन सरकारबीचको समझदारीपत्र (MOU) मा हस्ताक्षर गर्ने ।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— नेपाल सरकार र चीन सरकारबीच Protocol on Utilization of Highway in Tibet Autonomous Region, China by Nepal to Cargo Transport सम्झौता गर्ने।

१४. युवा तथा खेलकुद मन्त्रालय— सेल्टर आश्रय नेपाल, काठमाडौंलाई बीस लाख अन्ठाउन्न हजार तीन सय सोह्र रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

१५. रक्षा मन्त्रालय– सहायकरथी भरतबहादुर खड्का र अरुण घलेलाई मानार्थ उपरथी दर्जामा बढुवा गर्ने।

१६. रक्षा मन्त्रालय– नेपाली सेनाका रथी श्री हेमन्तराज कुँवरलाई मेडल परेड कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

१७. सामान्य प्रशासन मन्त्रालय– प्रदेश नं ४ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा सहसचिव श्री नारायण प्रसाद बिडारीलाई कायम मुकायम मुकरर गर्ने।

१८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय– सूचना प्रविधिसम्बन्धी नयाँ विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

१९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय– सार्वजनिक सेवा प्रसारणसम्बन्धी नयाँ विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

२०. बढुवा समितिको सिफारिसअनुसार नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री बैकुण्ठ अर्याललाई बढुवा गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सचिव पदमा पदस्थापन गर्ने ।

२१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ४ पोखराका प्रमुखसचिव लक्ष्मण अर्याललाई राष्ट्रिय योजना आयोगको सचिव पदमा सरुवा गर्ने ।

२२. "लेखापरीक्षण विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको अर्थ मन्त्रालयको प्रस्ताव मिति २०७५।२।१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/२/२३ मा बसेको समितिको बैठकले परिमार्जन गरी पेश गरेको "लेखापरीक्षण विधेयक" संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

२३. संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाका सर्त र सुविधा विषयको व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्ने विषयको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्ताव मिति २०७५।२।१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/२/२३ मा बसेको समितिको बैठकले परिमार्जन गरी पेश गरेको "संघीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाका सर्त र सुविधा विषयको व्यवस्था गर्न बनेको विधेयक" कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले पुनः पेश गर्ने गरी फिर्ता पठाउने ।

२४. अध्यागमन नीति, २०७५ स्वीकृत गर्ने विषयको गृह मन्त्रालयको प्रस्ताव मिति २०७५।२।६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने निर्णय भएअनुसार मिति २०७५/२/२२ मा बसेको समितिको बैठकले परिमार्जन गरी पेश गरेको "अध्यागमन नीति, २०७५" परिमार्जनसहित पुनः पेश गर्ने गरी फिर्ता गर्ने ।

२५. उच्च सरकारी वकिलको कार्यालय, ओखलढुङ्गा र विरगन्जको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मिति २०७५।२।१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/२/२२ को मन्त्रिपरिषद्, प्रशासन समितिको बैठकबाट निर्णय भई पेश भएबमोजिम स्वीकृत गर्ने ।

२६. राजस्व अनुसन्धान विभाग; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका निकायहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मिति २०७५।२।१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/२/२२ को मन्त्रिपरिषद्, प्रशासन समितिको बैठकबाट निर्णय भई पेश भएबमोजिम स्वीकृत गर्ने ।

२७. मन्त्रिपरिषद्को मिति २०७४/१२/१४ को निर्णयअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को (विशिष्ट श्रेणी) चिकित्सक तोकिनुभएका त्रि.वि. शिक्षण अस्पतालका चिकित्सक प्रा.डा. दिव्या सिंह शाहलाई चालकसहितको सवारीसाधन १ र ईन्धन उपलब्ध गराउने ।

२८. देहायका महानुभावहरूलाई औषधी उपचार खर्चबापत जनही तीन लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(क) रविन सुनुवार, ताप्लेजुङ

(ख) अनुप खिम्दिङ, ताप्लेजुङ

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।